# अनलाईन बालसुरक्षा निर्देशिका, २०७६

**प्रस्तावनाः**

सूचना तथा संचार प्रविधिको विकास सँगै अनलाईन माध्यममा बालबालिकामाथि बढ्दो दुर्व्यवहारका घटनालाई सरोकारवालाहरुको संयुक्त पहलबाट न्यूनीकरण गर्न तथा बालबालिकाको लागि इन्टरनेटको सुरक्षित प्रयोगको लागि आवश्यक निर्देशिका तर्जुमा गरी लागू गर्न वाञ्छनीय भएकोले दूरसञ्चार ऐन २०५३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

१. यस निर्देशिकाको नाम “अनलाईन बालसुरक्षा निर्देशिका, २०७६” रहनेछ ।

२. यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) प्राधिकरण भन्नाले नेपाल दूरसंचार प्राधिकरणलाई जनाउँछ ।

(ख) बालबालिका भन्नाले १८ वर्ष पुरा नभएका बालबालिकालाई जनाउँछ ।

(ग) इन्टरनेट सेवा प्रदायक भन्नाले ग्राहकलाई इन्टरनेट तथा इमेल सेवा वितरण गर्ने संस्था तथा कम्पनीलाई जनाउँछ । साथै सो शब्दले मोबाईल सेवा मार्फत इन्टरनेट सेवा उपलब्ध गराउने सेवा प्रदायक समेतलाई जनाउँछ ।

(घ) सूचना केन्द्र भन्नाले सामुहिक रुपमा इन्टरनेटको माध्यम प्रयोग गरी सूचनामा पहुँच राख्न स्थापना गरिएको केन्द्रलाई जनाउँछ । सूचना केन्द्र भन्नाले सार्वजनिक सूचना केन्द्र, टेलिसेन्टर, शिक्षालयको कम्प्युटर प्रयोगशाला समेतलाई जनाउँछ ।

(ङ) सामग्री भन्नाले इन्टरनेट तथा मोबाईल फोन मार्फत आदान प्रदान हुने कुनै पनि डिजिटल सामग्रीलाई जनाउँछ ।

(च) अनलाईन प्लेटफर्म भन्नाले वेबसाईट, मोबाईल एप्स तथा सामाजिक संजाल समेतलाई जनाउँछ ।

(छ) सेवा प्रदायक भन्नाले इन्टरनेट, मोबाईल, सूचना केन्द्र तथा सवै प्रकारका अनलाईन प्लेटफर्म सेवा प्रदायकलाई जनाउँछ ।

## परिच्छेद २

## सेवा प्रदायकले गर्नुपर्ने

३. अनलाइन प्लेटफर्म (Platform) मा बालबालिकाको सुरक्षाको लागि गैरकानुनी तथा हानीकारक सामग्रीको उपलब्धता न्यूनीकरण गर्दै त्यस्ता सामग्री माथिको पहुँच सीमित गर्नु इन्टरनेट सेवा प्रदायकको उद्देश्य हुनु पर्नेछ ।

४. बालबालिकालाई इन्टरनेटको संभावित जोखिमबाट जोगाउन बालबालिका र अभिभावकहरुलाई आवश्यक सूचना तथा प्रविधि उपलब्ध गराउनु इन्टरनेट सेवा प्रदायकको दायित्व हुनेछ ।

५. कुनै पनि इन्टरनेट, अनलाईन प्लेटफर्म वा सामाजिक संजाल सेवा प्रदायकले सेवाको प्रयोगका सर्त, गोपनीयताको नीति, सुरक्षित प्रयोगका तरिका तथा उजुरी प्रणालीको सम्बन्धमा स्पष्ट, पहुँचयोग्य तथा बालबालिका, किशोर किशोरी, अभिभावक तथा हेरचाह गर्ने व्यक्तिहरु समेतलाई समेटी लागू गर्नुपर्नेछ ।

६. बालदुर्व्यवहार सामग्री सम्बन्धमा उजुरी सम्बोधन गर्ने कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु इन्टरनेट सेवा प्रदायकहरुको कर्तव्य हुनेछ ।

७. दुर्व्यवहार र अनुचित सामग्रीको छानविन यथाशिघ्र गर्ने प्रणाली स्थापित गर्नु पर्नेछ । यथासंभव बाल दुर्व्यवहारजन्य सामग्री तुरुन्त हटाउने (Take Down) प्रणाली विकास गर्नुपर्नेछ ।

८. सेवा प्रदायकले बालबालिका तथा किशोर किशोरी जोखिममा पुऱ्याउने वा दुर्व्यवहारजन्य सामग्री वा लिंक उजुरी गर्ने संरचना विकास गर्नुपर्नेछ । उक्त संरचना विकास गर्दा गम्भीर प्रकृतिका घटनाको जानकारी प्रहरी वा कानुन कार्यान्वयन गर्ने निकायलाई गराउने गरी विकास गर्नु पर्नेछ ।

९. सेवा प्रदायक मार्फत इन्टरनेटमा उपलब्ध सामग्री वा सेवा उमेर संवेदनशील रही सबै उमेर समूहका लागि अनुपयुक्त भएमा यथासम्भव प्रचलित कानुन बमोजिम उमेर भिडाई पहुँच राख्न सक्ने गरी वर्गीकृत गर्नुपर्नेछ ।

१०. उमेर संवेदनशील सामग्रीको प्रसार गर्दा सेवा प्रदायकहरुले यथासंभव सहकार्य गरी स्थानीय संवेदनशीलता तथा प्रचलित कानुन बमोजिम प्रसार गर्न प्रतिबद्ध रहनुपर्छ ।

११. सेवा प्रदायकले प्रयोगकर्ता, अभिभावक वा हेरचाहकर्ताको नियन्त्रण रहने अनलाईन सामग्रीमा पहुँच प्राप्त गर्न सक्ने औजार (टुल्स) उपलब्ध गराउनु पर्नेछ ।

१२. सेवा प्रदायकले उपलब्ध गराएको सेवा तथा सामग्रीमा उमेर समूह स्पष्ट अवगत हुने गरी उल्लेख गर्नु पर्नेछ ।

१३. प्रयोगमा रहेका सामग्री वा सेवाको बारेमा अभिभावकलाई अवगत गराई आफ्ना बालबालिकालाई उचित सामग्री मात्र पहुँच उपलब्ध गराउने सम्बन्धमा सहयोग गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

१४. प्रयोगकर्तालाई इन्टरनेट सेवाको उचित प्रयोग सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

१५. सेवा प्रदायकले आफ्नो सेवाको प्रयोगका सर्त तथा बन्देजमा उसको सेवाको प्रयोग गर्दा बालदुर्व्यवहार सामग्री विरुद्ध स्पष्ट नीति उल्लेख गर्नु पर्दछ । साथै, प्रचलित कानुन विपरीत सेवाको दुरुपयोग भएको अवस्थामा कानुन कार्यान्वयन गर्ने निकायसँग सहकार्य गरी प्रचलित कानुन बमोजिम कार्वाहीको लागि सहयोग गर्न तथा संवेदनशील सामग्री इन्टरनेटबाट हटाउन प्रतिबद्ध रहनु पर्नेछ ।

१६. तोकिएको मापदण्ड तथा नियममा आधारित रही उजुरी व्यवस्थापन प्रणालीको प्रयोग गरी अनलाईन बालदुर्व्यवहार न्यूनीकरण गर्न आवश्यक कार्य गर्नु इन्टरनेट सेवा प्रदायकको दायित्व हुनेछ ।

१७. अनलाईनमा बालबालिकाको सुरक्षाको लागि आधारभूत मानक विकास गरी लागू गर्नु प्रसारणकर्ताको दायित्व हुनेछ ।

१८. उमेर संवेदनशील सामग्रीमा बालबालिकाको पहुँच स्थापित गर्ने प्रक्रियामा अभिभावकको सहमति प्राप्त गर्ने सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु प्रसारणकर्ताको दायित्व हुनेछ ।

## परिच्छेद ३
## घरपरिवार तथा समाजले गर्नुपर्ने कार्य

### १९. कम्प्युटरको सुरक्षित प्रयोग गर्नुपर्ने :-

(क) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरको सुरक्षित प्रयोगको प्राथमिक जिम्मेवारी उक्त कम्प्युटर धनीको हुनेछ ।

(ख) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरमा सुरक्षा उपाय (जस्तैः एण्टी भाइरस, फायरवाल आदी) जडान गर्नु तथा नियमित/आवधिक रुपमा अद्यावधिक गर्नु उक्त कम्प्युटर धनीको कर्तव्य हुनेछ ।

(ग) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटर घरको सामुहिक स्थलमा राखी इन्टरनेटमा बालबालिकाले एकल रुपमा जोखिमयुक्त सामग्रीको प्रयोग गर्ने वातावरणलाई सीमित गर्नु सम्बन्धित अभिभावकको दायित्व हुनेछ ।

(घ) आफ्ना बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरमा अभिभावक नियन्त्रण प्रणाली जस्ता सफ्टवेयर जडान गरी नियमित गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

### २०. कम्प्युटरको सुरक्षित प्रयोग सम्बन्धमा अभिमुखीकरण गर्नुपर्ने :-

(क) आफ्ना बालबालिकालाई इन्टरनेट प्रयोगको सम्बन्धमा नियम बनाई त्यसको पालनाको लागि आफ्ना बालबालिकालाई अभ्यस्त बनाउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ । त्यस्ता नियम बनाउँदा देहायका कुराहरुमा प्राथमिकता दिनु पर्दछ ।

१) इन्टरनेटमा पहुँचको समय तथा अवधि,

२) इन्टरनेटमा पहुँच राखिने सामग्रीको वर्गीकरण,

३) डाउनलोड गर्न मिल्ने वा नमिल्ने सामग्रीको वर्गीकरण,

४) जोखिमयुक्त सामग्रीमा आकस्मिक पहुँच (जम्काभेट) भएमा के गर्ने सम्बन्धमा,

५) उमेर समूह जनाउने सामग्रीको पहिचान तथा प्रयोग सम्बन्धमा,

(ख) आफ्ना बालबालिकाको इन्टरनेट प्रयोगको नियमित रेखदेख गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

(ग) आफ्ना बालबालिकालाई इन्टरनेटको सुरक्षित प्रयोग तथा सुरक्षा औजारको सदुपयोग सम्बन्धमा आवश्यक अभिमुखीकरण गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

(घ) आफ्ना बालबालिकासँग संभावित जोखिमको बारेमा खुलेर कुरा गर्ने तथा यस सम्बन्धमा बालबालिकाले अभिभावकलाई समस्या अवगत गराउने वातावरण सिर्जना गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

(ङ) वेबसाईट तथा एप्स प्रयोग गर्दा लग इन गर्नु तथा उमेर समूह संवेदनशीलतालाई ध्यान दिई पहुँचलाई व्यवस्थित गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

(च) जोखिमजन्य विज्ञापन तथा बालबालिकालाई उक्साउने तथा भड्काउने जस्ता सन्देशहरुलाई सीमित गर्न आवश्यक पहल गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

## २१. बालबालिकाले प्रयोग गर्ने वेबसाईट तथा एप्सको जानकारी राख्ने :-

(क) आफ्ना बालबालिकाले नियमित रुपमा प्रयोग गर्ने वेबसाईट तथा एप्सहरुको सूचीकरण गरी उक्त वेबसाईट तथा एप्सको गोपनीयताको नीति तथा प्रयोगका शर्त तथा बन्देजहरुको जानकारी लिनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ । यस्ता वेबसाईट तथा एप्सले बालबालिकाको इन्टरनेट प्रयोगको निगरानी गरिराखेको छ वा छैन, त्यसमा समेत ध्यान दिनु पर्दछ ।

(ख) आफ्ना बालबालिकालाई उनीहरुले प्रयोग गर्ने वेबसाईट तथा एप्सहरुले उनीहरुको वैयक्तिक सूचना संकलन गरेको छ वा छैन जानकारीमा लिई त्यस्ता विवरण उपलब्ध नगराउन सचेत गराउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

(ग) आफ्ना बालबालिकाले मोबाइल तथा ट्याब जस्ता वैयक्तिक उपकरणको प्रयोग सम्बन्धमा निरन्तर रखवारी गर्नु सम्बन्धित अभिभावकको दायित्व हुनेछ ।

## २२. विद्यालयको कम्प्युटरमा इन्टरनेटको सुरक्षित प्रयोग गर्नुपर्ने :-

(१) विद्यालयमा बालबालिकाले प्रयोग गर्ने कम्प्युटरको सुरक्षित प्रयोगको प्राथमिक जिम्मेवारी विद्यालयको हुनेछ ।

(२) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरमा सुरक्षा उपाय (जस्तैः एण्टी भाइरस, फायरवाल) जडान गर्नु तथा नियमित/आवधिक रुपमा अद्यावधिक गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

(३) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरमा बालबालिकाले एकल रुपमा जोखिमयुक्त सामग्रीको प्रयोग गर्ने वातावरणलाई सीमित गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ ।

(४) विद्यालयमा बालबालिकाले इन्टरनेट प्रयोग गर्ने कम्प्युटरमा वयस्कले मात्र हेर्ने विषयवस्तु (Adult Content) माथिको पहुँच सीमित गर्ने प्रणाली जस्ता सफ्टवेयर जडान गरी नियमित गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

२३. **सरोकारवाला संस्थाहरुको दायित्व :-**

(१) बालबालिकालाई अनलाईन प्लेटफर्मको संभावित जोखिमबाट जोगाउन विभिन्न सरोकारवालासँग सहकार्य गरी आवश्यक सचेतना तथा सुरक्षा प्रणाली विकास गर्नु गैरसरकारी संस्थाहरुको दायित्व हुनेछ ।

(२) अनलाईन प्लेटफर्मको प्रयोग गरी बालबालिका माथि भएका दुर्व्यवहारका पीडित बालबालिकालाई पुनर्स्थापित गर्न आवश्यक कार्य गर्नु सरोकारवाला संस्थाहरुको कतव्य हुनेछ ।

## परिच्छेद ४
## नेपाल दूरसंचार प्राधिकरणले गर्ने कार्य

२४. **प्राधिकरणले समन्वय गर्ने :-** प्राधिकरणले अनलाईन बालदुर्व्यवहार घटना नियन्त्रणको लागि कानुन कार्यान्वयन निकाय, सेवाप्रदायक तथा अन्य सरोकारवालाहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

२६. **अनलाईन बाल दुर्व्यवहार घटना  उजुरी प्रणाली स्थापित गर्ने :-** प्राधिकरणले कानुन कार्यान्वयन निकाय, सेवाप्रदायक तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा अनलाईन बालदुर्व्यवहार घटना उजुरी प्रणाली (Online Child Abuse Complaints System) विकास गरी संचालनमा ल्याउनेछ ।

२७. **सहयोग गर्नुपर्ने :-** अनलाईन बालसुरक्षा सम्बन्धमा कानुन कार्यान्वयन गर्ने निकायलाई प्रचलित कानुनको दायरामा रही सहयोग पुर्‍याउनु सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

२८. **पालना गर्नुपर्ने :-** यस निर्देशिकाको कार्यान्वयनको लागि प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।